का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं.३६९९२/०६९/०७०
पो.ब.नं. २०७१२

फोन.नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी व्यवसायी महासंघ

## Federation of Nepal Gold & Silver Dealers' Associations

स्थापित : २०६९
नक्साल, काठमाडौं ।

*ATT News Desk*

मितिः–२०८१/०८/१४ गते




| Date | Day | Gold per 10g | Gold Tola | Silver per 10g | Silver Tola |
|---|---|---|---|---|---|
| 2081/08/09 | **Sunday** | 1,43,345/- | 1,67,200/- | 1680/50 | 1960/- |
| 2081/08/10 | **Monday** | 1,29,715/- | 1,51,300/- | 1582/- | 1845/- |
| 2081/08/11 | **Tuesday** | 1,27,485/- | 1,48,700/- | 1560/50 | 1820/- |
| 2081/08/12 | **Wednesday** | 1,28,260/- | 1,49,600/- | 1569/- | 1830/- |
| 2081/08/13 | **Thursday** | 1,28,000/- | 1,49,300/- | 1543/50 | 1800/- |
| 2081/08/14 | **Friday** | 1,29,370/- | 1,50,900/- | 1582/- | 1845/- |

## भन्सार घटेको कारण नेपाली बजारमा सुन र चाँदीको भाउमा कमी

यो साताको पहिलो दिन आइतवार १ लाख ४३ हजार ३ सय पैतालिस रुपैयाँ प्रति १० ग्रामबाट सुरु भएको सुनको भाउ साताको दोस्रो दिन सोमबार नेपाल सरकारबाट सुन र चाँदीमा लाग्दै आएको भन्सार घटाएको कारण आन्तरिक बजारमा प्रति १० ग्राममा १ लाख उनान्तीस हजार ७ सय पन्ध्र रुपैयामा कायम भएको थियो। जसले गर्दा प्रति १० ग्राममा १३ हजार ६ सय ३० रुपैयाले घटेको थियो । जुन हाल सम्मकै ऐतिहासिक रुपमा नै घटेको मान्न सकिन्छ। तर अन्तर्राष्ट्रिय बजारमा भने उतार चढाव भएको छ यसो हुनुमा बैंकहरुको व्याजदरले पनि भुमिका खेलेको र अन्तर्राष्ट्रिय द्वन्द्व बढेकाले हो भनि विश्लेषकहरुको भनाई रहेको छ।

नेपाली बजारमा यो साता भन्सार घटेपछि उतार चढाव भएको छ। यो साताको पहिलो दिन आइतवार १ लाख ४३ हजार ३ सय पैतालिस रुपैयाँ प्रति १० ग्रामबाट सुरु भएको सुनको भाउ साताको शुक्रवार प्रति १० ग्रामको १ लाख २९ हजार ३ सय सत्तरी रुपैयाँमा कारोबार भएको छ। यो साता सुनको भाउमा क्रमशः घटबढ हुँदै साताको पहिलो दिनको तुलनामा आज प्रति १० ग्राममा १३ हजार नौ सय पचहत्तर रुपैयाले कमी भएको छ ।

यो साता नेपाली बजारमा चाँदीको मूल्य पनि भन्सार घटेको कारण साताको पहिलो दिन आइतवार प्रति १० ग्राम १ हजार ६ सय असी रुपैया पचास पैसा रहेको मूल्य, साताको अन्त्यमा प्रति १० ग्रामको मुल्य रु. १ हजार ५ सय बयासी रुपैंया कायम भएको छ। यो मूल्य साताको पहिलो दिनको तुलनामा १० ग्राममा रु.९८ रुपैंया पचास पैसाले कमी भएको हो ।

**किरणभाई बज्राचार्य**
**महासचिव**